# मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्या :
चलानी नं. :

फोन नं.: ०१-५२६११८५
टोलफ्रि नं. : १६६००११६१८५

मितिः.........................


**मिति-२०७९/०८/१८**

## प्रेस बिज्ञप्ति

मधेशी समुदाय नेपालमा आदिमकाल देखि बसोबास गर्ने महत्वपूर्ण र गौरवशाली इतिहास बोकेको समुदाय रहेको सर्वविदितै छ। देशको सीमा को रक्षा गर्न पनि मधेशी समुदाय सधै अगाडी रहेको कुरा लुकेको छैन ।

विगत केही दिन देखि मधेशी समुदाय लाई लक्षित गरी समय-समयमा विभिन्न व्यक्तिहरुले धोती, भैया, मदिसे, काले जस्ता अपमानजनक शब्द प्रयोग गरी सामाजिक सद्भावमा खलल पार्ने काम गरिरहेको बारे मधेशी आयोग समक्ष विभिन्न उजुरीहरु प्राप्त भएको छ । यस्ता गैर-कानुनी कार्यहरुले राष्ट्रिय एकतामा समेत खलल पार्न सक्दछ ।

त्यस्ता प्राप्त उजुरीहरु माथि आयोग गम्भीर र सचेत रहेको समेत विनम्र जानकारीको लागि अनुरोध छ । आयोगले त्यस्ता उजुरीहरु माथि तुरुन्त सम्बन्धित निकायलाई पत्राचार गरी छानविन तथा कडा भन्दा कडा कारवाही गर्नको लागि सिफारिस समेत गरिरहेको छ । आयोगको सिफारिस पश्चात सम्बन्धित निकायले विभिन्न घटनाहरुमा छानविन गरी दोषीलाई कानुनी दायरामा समेत ल्याएको छ । यस्ता संवेदनशील घटनाहरुमा स्थलगत अनुगमन समेत हुने गरेको जानकारीको लागि अनुरोध छ ।

कुनै पनि जात, धर्म, समुदाय वा संस्कृति माथि प्रहार गर्नु अमानवीय, गैर-संवैधानिक र गैर-कानुनी कार्य हो र यस्ता कार्यहरु नगर्न/नगराउनुहुन आयोग सबैलाई सचेत गराउदछ । कुनै व्यक्ति वा संस्थाले त्यस्तो गैर-कानुनी कार्य गरेमा नेपाल को प्रचलित

कानुन बमोजिम कडा भन्दा कडा कारवाही हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

"जहाँ समस्या, त्यही मधेशी आयोग" को मुलमन्त्र सहित आयोगले आफ्नो संवैधानिक दायरा भित्र रही मधेशी समुदायको संरक्षण, सम्बर्धन तथा सशक्तिकरणको लागि अहोरात्र काम गरिरहेको विनम्र जानकारीको लागि अनुरोध छ ।

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने गराउने र सो समुदायमा प्रहार गर्ने व्यक्ति वा संस्थाको विरुद्धमाआयोगको ऐन २०७४(७) अनुसार उजुरी दिन आयोगको टेलिफोन ०१-५२६११८५, हटलाइन ११४८, टोल फ्री १६६००११६१८५, आयोगको सामाजिक संजाल वा इमेल मार्फत सम्पर्क गर्न सकिन्छ ।

..............................

रुद्र प्रसाद लामिछाने

सचिव